राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

वर्ष ८ अंक ४० श्रेणी 'क' २०७२ कार्तिक १७ गते मंगलबार 3 Nov. 2015 पृष्ठ ४ मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१–५३६४५५

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

### कांग्रेसको महाविधेशन तयारी बैठकमा नेतृत्वको आलोचनामै छलफल केन्द्रित

# आत्माआलोचना गर्नुपर्नेमा जोड

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १६ कार्तिक ।



नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरुले शीर्ष नेतृत्व पार्टी र मुलुक सञ्चालनमा पूर्णरुपले असफल भएको भन्दै आत्मा आलोचनाको माग गरेका छन्। संविधान निर्माणपछि संसदभित्र भएका निर्वाचनको समिक्षा तथा पार्टीको आशन्न १३औं महाधिवेशन को तयारीबारे आइतबारदेखि पार्टी मुख्यालय सानेपामा बसेको केन्द्रीय समिति बैठकमा पार्टी सदस्यहरुले शीर्ष नेताहरुको असफलताका कारण पार्टी संगठन संकटपूर्ण अवस्थामा आइपरेको आरोप लगाएका थिए। सोमबारको बैठकमा बोल्ने १७ जना सदस्यहरुमध्ये कुनै पनि सदस्यले पार्टी सभापति सुशील कोइराला आफै प्रधानमन्त्रीको प्रत्यासी बन्ने निर्णयको बचाउ गरेनन्। कोइराला नेतृत्वको सरकारमा अर्थमन्त्री बनेका पार्टी नेता रामशरण महतले शीर्ष तीन नेता असफल भएको आरोप लगाउदै सहमतिको राजनीतिमा अहिलेको नेतृत्वको कारण कांग्रेसलाई अरुले अविश्वसनीय पार्टनरको रुपमा चित्रित गरेको बताए। पार्टीको तर्फबाट प्रधानमन्त्री पदमा उम्मेदवारी दिनु नै थियो भने पनि आफ्नै निर्णयमा दिनु पर्नेमा विदेशी शक्तिको इसारामा उम्मेदवारी दिएर पार्टीलाई ठूलो नोक्सानी भएको पनि उनले दाबी गरेका थिए।

केन्द्रीय सदस्य सुजाता कोइरालाले साधुसन्त नेताहरु सबै असफल भइसकेको भन्दै अब शीर्ष नेताहरुले पार्टीको नेतृत्व बाहिर बसेर सहयोग गर्नु पर्ने माग गरेकी थिइन्। सुजाताले साधुसन्त भनेर कसलाई भनेको भनि देउवाले बीचमा प्रश्न गर्दा सबै शीर्ष नेतालाई भन्ने जवाफ दिएकी थिइन्। प्रकाशशरण महतले धेरथोर गल्ती तीनवटै नेताको भएको भन्दै अब आत्मआलोचना गरी अघि बढ्नु पर्ने माग गरेका थिए। मधेस आन्दोलनको विषय र भारतीय पक्षबाट भएको अघोषित नाकाबन्दीको बारेमा बोल्दै भारत नेपालको पुरानो छिमेकी मित्रराष्ट्र भएपनि मधेस आन्दोलनको विषय नेपालको आन्तरिक मामिला भएको भन्दै त्यसलाई नेपाली आफैले सम्बोधन गर्न पाउनु पर्ने धारणा राखेका थिए।

धनराज गुरुङले संविधान निर्माण अघि भएको १६ बुँदे सहमतिमा सहमतिको सरकार गठनको विषय प्रष्टसँग उल्लेख भएको र अबको राजनीति पनि दलहरुबीच आपसी सहमतिकै आधारमा अघि बढ्नुको विकल्प नभएको बताएका थिए। 'यदि भद्र सहमति भएको थियो भने किन त्यो सहमति अनुसार नगरी अरु दलको सहयोग विना कांग्रेसले उम्मेदवारी किन दिएको', उनले नेतृत्वसँग प्रश्न गरेका थिए।

पार्टी सभापति सुशील कोइरालाले आफ्नो नेतृत्वमा रहेको सरकारले मुलुकमा नयाँ संविधान निर्माण गर्न सफल भएको दाबी गर्दै प्रधानमन्त्री, सभामुख, उपसभामुख, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा हारेपनि लोकतन्त्र र मुलुकले जितेको दाबी गरेका थिए। त्यसको प्रतिबाद गर्दै गुरुङले लोकतन्त्रको आँगनमा वामपन्थीहरु लाई नचाएर आफू दर्शकदिर्घामा बसी के जितेँ भनेको हो भनि व्यंग्य गरेका थिए। उनले मधेसको विषय सम्बोधन गर्न सबैभन्दा ठूलो दल कांग्रेसले कमल थापा नेतृत्वको सरकारी वार्ता टोलीमा सहभागी नभइ आफ्नै नेतृत्वमा समस्या समाधान गर्नु पर्ने राय दिएका थिए।

गगन थापाले कांग्रेसको नेतृत्वले संविधान निर्माण पश्चात सरकार गठनको विषयमा नभइ संविधानसभा निर्वाचन पश्चात नै दुईवटा गल्ति गरेको आरोप लगाएका थिए। उनले संविधानसभा निर्वाचनपछि मधेसी, दलित, आदिवासी जनजाति समुदाय लगायतले गरेको अधिकारका आन्दोलन व्यवस्थापनमा एमालेको अनुदार चस्माले हेर्ने गल्ति गरेको आरोप लगाए। त्यसैगरी भारतलाई हेर्ने दृष्टिकोणमा मधेसको चस्माले हेर्दा जहाँ कठोर हुनुपर्ने थियो त्यहा नरम र जहा नरम निति हुनु पर्थो त्यहा कठोर हुदा कांग्रेस अहिले सरकार गठनको विषयमा मात्र नभइ संविधानसभाको निर्वाचन लगत्तै सहि दृष्टिकोण बनाउन नसक्दाको परिणाम अहिले मुलुकले बेहोरेको दाबी गरे। जसका कारण कांग्रेसलाई अहिले पहाडमा बस्नेले पहाड विरोधी, मधेसमा बस्नेले मधेस विरोधी र शहरमा बस्नेले राष्ट्र विरोधीको आरोप लगाइरहेको पनि उनले बताए।

नेपालको आन्तरिक मामिला आफैले सल्टाउनु पर्ने सुझाव दिंदै थापाले कांग्रेस भारतबाट निरन्तर पीडित भएर पनि नेतृत्वको कमजोरीका कारण प्रयोग हुँदा अहिले भारत परस्त भएको आरोप खेप्नु परेको बताए। चन्द्र भण्डारीले नेतृत्व लोभी पापी हुदा अहिलेको अवस्था आएको आरोप लगाएका थिए। बैठकमा कतिपय सदस्यहरुले कांग्रेसले संविधानसभा निर्वाचन लगत्तै एमाओवादी, मधेसवादी र अन्य साना दलसँग सहकार्य गरी संविधान निर्माणमा अघि बढेको भए अहिलेको समस्या नआउने दाबी गर्दै एमालेसँग सहमतिको यात्रा गरेर नेतृत्वले गम्भीर गल्ति गरेको आरोप पनि लगाए। शंकर भण्डारीले सभापति कोइरालाको नेतृत्व असफल भएको भन्दै यति लामो समयसम्म संसदीय समिति समेत गठन नभएको भन्दै अव दलको नेतृत्वदेखि सबै पदमा नयाँ नेतृत्व चयन हुनु पर्ने माग गरेका थिए। यस अघि उपसभापति रामचन्द्र पौडेलले प्रधानमन्त्री

बाँकी अन्तिम पृष्ठमा......

# पोखरामा 'स्काई डाइभ' गराइने

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ कार्तिक ।



सुन्दर प्राकृतिक दृश्यावलोकन गर्दै 'स्काई डाइभ' को मज्जा लिन चाहनुहुन्छ ? यदि चाहनुहुन्छ भने स्काई डाइभको बुकिङ खुलेको छ, छिट्टै आफ्नो सिट सुरक्षित गर्नुहोस् । एक्स्पोलोर हिमालयले कार्तिक २६ देखि २९ गतेसम्म पोखरामा 'स्काई डाइभ' गराउने भएको छ । स्काई डाइभका लागि बुकिङ खुल्ला गरिसकेको कम्पनीका प्रबन्ध निर्देशक सुमन पाण्डेले जानकारी दिए । स्काई डाइभ गर्नका लागि एकजनाले ७५ हजार रुपैयाँ तिर्नुपर्ने हुन्छ । यो शुल्कमा फोटो र भिडियो उपलब्ध हुनेछ । हेलिकप्टबाट उडाउनुपर्ने हुँदा स्काई डाइभ महंगो पर्न गएको पाण्डेको भनाई छ ।

'हामीले यस वर्ष २० जनालाई स्काई डाइभ गराउने सोँचाइमा छौं' पाण्डेले भने–'अहिलेसम्म १५ जनाले बुकिङ गरिसकेका छन् ।' उनका अनुसार अहिलेसम्म बुकिङ लिनेमा ५ जना नेपाली रहेका छन भने १० जना इन्डियन र इन्डियामा बस्ने विदेशी रहेका छन् । स्काई डाइभ विश्वका साहसिक मनोरञ्जनात्मक खेलहरुको सूचीमा पहिलो नम्बरमा पर्छ । एक्स्पोलोर हिमालयले सन् २०१० देखि पोखरामा वर्षको एक पटक स्काई डाइभ गराउँदै आएको छ । कम्पनीले सगरमाथामा पनि स्काई डाइभ गराउने गरेको पिस पोखरामा खबर छ । फिस्टेल हेलिकप्टरमा १२ हजार फिट माथि लगेर स्काई डाइभ गराइने छ । स्काई डाइभमा चार मिनेटको हेलिकप्टर यात्रा हुनेछ भने ३५ देखि ४० मिनेट आकाशमा फ्रि फल हुनेछ । यो बेलामा जिन्दगीकै नौलो अनुभव हुने पाण्डेले बताए । पोखरामा गरिने स्काई डाइभ व्यक्तिगत नभएर त्यान्डम डाइभ हो । त्यान्डम मास्टरसँग टाँसिएर आकाशमा उड्नुपर्छ । स्काई डाइभ गरेपछि पोखराको पामेदेखि पश्चिममा पर्ने लौरुकमा झरिन्छ । स्काई डाइभ गराउन विदेशबाट प्राविधिकहरु आउनेछन् । स्काई डाइभमा युवाहरुको आकर्षण बढी देखिएको पाण्डेको भनाई छ ।

अन्य साहसिक खेलको तुलनामा स्काई डाइभ मंहगो पर्ने हुँदा सबैको पहुँच पुग्दैन् । 'हामीले हेलिकप्टरमा राखेर उडाउनुपर्ने हुँदा

बाँकी अन्तिम पृष्ठमा......

# नाकाबन्दी थप कडा गर्ने भारतको संकेत

काठमाडौं १६ कार्तिक ।

सोमबार भएको वीरगंज घटनापछि भारतीय दुतावासले वक्तब्य जारी गर्दै आफ्ना देशका गाडीवालाहरूलाई सतर्कता अपनाउन र नेपालमा गएर खतरा नमोल्न सुझाव दिएको बताएको छ। घटनापछि भारतीय राजदुत रञ्जित रेले सोमबार नै गृहमन्त्री शक्ति बस्नेतसँग भेटेर भारत अत्यन्त 'चिन्तित' भएको बताएका थिए। 'भारतीय यातायात व्यवसायीले आज पनि नेपालको बोर्डर पारि बिग्रँदो अवस्थाबारे चिन्ता ब्यक्त गरेका छन् । हामीले उनीहरुलाई सचेत रहन र आफ्नो जीवन खतरामा नराख्न सुझाव दिएका छौं,' वक्तव्यमा भनिएको छ। वक्तब्य जारी गरेर भारतले नेपालमा नाकावन्दी अझै कडा पर्ने चेतावनी दिएको छ।

सोमबार वीरगञ्जमा प्रहरीको गोलीबाट मारिएका भारतीय नागरिक निर्दोष भएको पनि विज्ञप्तिमा उल्लेख छ।

सोमबार बिहान वीरगंज नाकाबाट आन्दोलनकारी हटाएपछि दिउँसो भएको झडपमा एकजना भारतीय नागरिकको प्रहरीको गोली लगेर मृत्यु भएको छ। केही प्रहरी र आन्दोलनकारी घाइते भएका छन्। प्रहरीका अनुसार रक्सौल घर भएका ३० वर्षीय आशिष रामको मृत्यु भएको हो। उनको टाउकोमा गोली लागेको थियो। आन्दोलनले उग्र रूप लिएपछि स्थानीय प्रशासनले वीरगञ्जमा सोमबार तीन बजेदेखि अनिश्चितकालीन कर्फ्यु जारी गरेको छ।




Authorized Distributor:
Aabhan Enterprises
Gandaki & Dhaulagiri Zone, PH: 061-538445

# गगनगौंडावासीको विरोधले पोखरामा ग्यास वितरण स्थगित

## पेट्रोल र डिजेल वितरण आजपनि, उद्योगलाई इन्धन उपलब्ध गराउन माग

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ कार्तिक ।

भारतीय नाकाबन्दीका कारण चरम अभाव भोगेका उपभोक्ताले अझै खाना पकाउने ग्याँस नपाउँदा समस्यामा परेका छन् । नाकाबन्दीले समस्यामा परेका पोखरेलीलाई ग्याँस वितरण गर्ने तयारी गरेपनि गगनगौंडाबासीको विरोधका कारण स्थगित गरिएको छ । थोरै परिमाणमा भित्रिएको ग्यास र बढि मागका कारण वितरण गर्न नसक्ने बताउदै स्थानिय प्रशासनले थप ग्याँस सिलिण्डर नआएसम्म वितरण गर्न नसकिने बताउँदै स्थगित गरेको हो ।

सरकारले आधा सिलिण्डर ग्याँस वितरण गर्न स्वीकृति प्रदान गरेपछि पोखरामा भित्रिएको ग्याँस वितरण गर्ने तयारी गरेपनि गगनगौडा बासीले आफूहरुले पहिला पाउनुपर्ने भन्दै अवरोध गर्न खोजेपछि वितरण गर्न नसकिएको हो । थोरै ग्याँस आएको र माग अत्यधिक भएका कारण वितर गर्न सक्ने अवस्था नभएको गृह लक्ष्मी ग्याँस कम्पनी गगनगौडाले जनाएको छ । स्थानीयले पहिला कम्पनी नजिकका बासिन्दालाई वितरण गर्नुपर्ने माग गदै धर्ना दिदै आएका छन् । थप ग्याँस भित्रिएपछि मात्रै वितरण गरिने कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले बताए ।

यसैबीच पोखरा र लेखनाथका पम्पहरुबाट पेट्रोलियम मंगलवार पदार्थ वितरण गरिने भएको छ । सोमवार बसेको जिल्ला आपूर्ति समिति बैंठकले गरेको निर्णय अनुसार मंगलवार पोखरा र लेखनाथका १० पम्पबाट पेट्रोल तथा ११ पम्पबाट डिजेल वितरण गर्न लागिएको हो । निर्णय अनुसार ४७ हजार लिटर पेट्रोल र ७५ हजार लिटर डिजेल वितरण गरिनेछ । मोटरसाईकललाई चार सय तथा स्कुटरलाई तीन सय बराबरको तेल वितरण गरिनेछ । त्यस्तै अन्य सवारीलाई पनि तोकिए अनुसारको मात्रै तेल वितरण गरिने जनाईएको छ । तेल वितरणको अनुगमनको लागि पोखरा र लेखनाथका लागि छुट्टाछुट्टै समिति गठन गरिएको छ ।

यता, पोखरा तथा लेखनाथ उद्योग वाणिज्य संघले कास्की जिल्लामा रहेका उद्योग तथा कल कारखानालाई आवश्यक पर्ने इन्धनको व्यवस्था गर्न जोडदार माग गरेको छ । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापा तथा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीले पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय तथा जिल्ला प्रशासन कार्यालय कास्कीमा बुझाएको संयुक्त ज्ञापनपत्रमा इन्धन अभावले उद्योग तथा कलकारखाना बन्द हुने अवस्थामा पुगेको जानकारी गराउँदै इन्धन व्यवस्थाको माग गरेको हो । ज्ञापनपत्रमा देशको विषम परिस्थितिलाई मध्यनजर राख्दै जेनतेन उद्योग तथा कलकारखाना सञ्चालन हुँदै आएको स्मरण गर्दै अगाडि भनिएको छ -'इन्धन वितरणको क्रममा उद्योग/कलकारखानाको लागि निश्चित स्थानबाट निश्चित कोटा उपलब्ध गराई रााष्ट्रिय अर्थतन्त्रलाई टेवा पुग्ने वातावरण निर्माणका लागि हामी जोडदार माग गर्दछौं ।'

संयुक्त ज्ञापनपत्रमा सीमा क्षेत्रमा जारी आन्दोलन र भारतको अघोषित नाकाबन्दीबाट सृजित विषम परिस्थितिले देशमा इन्धन लगायतका अत्वावश्यक सामाग्रीहरुको चरम अभाव सृजना हुनुलाई हामीले दुखद घटनाको रुपमा उल्लेख गर्दै यो विषमताको अन्त्यका लागि आवश्यक कदम चाल्न ता इन्धनको सहज आपूर्तिको व्यवस्था मिलाउन माग समेत गरिएको छ । यसका साथै ज्ञापनपत्रमा नेपाल भित्रिएको सीमित परिमाणको इन्धनको समानुपातिक वितरण गरिनुपर्ने माग समेत गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिलाई अपशब्द प्रयोग गर्ने, हेला, घृणाको दृष्टिले हेर्ने वा होच्याउने कार्य गर्नु गराउनु हुदैन ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

ववीन टेलरिङ एण्ड सर्टिङ-सुटिङ
विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ–सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ–सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।
हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाउनुहुन्छ...
BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com
B Tailoring ...since 1996

■ अविरल असफलता बाहेक अरू सबै कुरा सहन सकिन्छ ।

- गेटो

## सम्पादकीय . .

# जनताको अधिकारमा खेलवाड

भान्सामा प्रयोग हुने एलपी ग्यासको चरम अभाव हुँदा पोखरा लगायत देशभरकाका अधिकांश होटल तथा रेष्टुराँहरु बन्द भएका छन् । महंगो भाडा तिरेर बजारमा होटल तथा रेष्टुराँ संचालन गरेका व्यवसायीहरु अब कोठा भाडा कसरी तिर्ने भन्ने समस्याले पिरोलिन थालेका छन् । नयाँ संविधान आफुले चाहेअनुसार नभएको भन्दै दक्षिणको छिमेकी मुलुक भारतले अन्तर्राष्ट्रिय कानुनको उल्लंघन गर्दै अघोषित नाकाबन्दी गरेपछि नेपालमा खाना पकाउने ग्याससंगै सवारी साधनमा प्रयोग हुने इन्धनको चरम अभाव सिर्जना भएको छ । कतिपय होटल तथा रेष्टुराँ व्यवसायीहरुले वैकल्पिक उर्जा दाउराको प्रयोग गरेर व्यवसाय संचालन गरेका छन्भने कतिपय बन्द नै भईसकेका छन् । यस्तो विकराल अवस्थामा राज्यले वैकल्पिक उर्जाको प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा तत्काल योजना ल्याउन जरुरी छ । नेपालमा वैकल्पिक उर्जाको प्रयोग गर्ने प्रवल संभावना हुँदाहुँदै पनि सधैं छिमेकीको भर पर्नु पर्ने बाध्यताका कारण आज नेपाली जनताले दुख पाउनु परेको छ । नेपालमा वैकल्पिक उर्जाको प्रयोग गर्ने संभावना प्रबल रहेको छ । यसको विषयमा सरकारले तत्काल विकल्प ल्याउनु पर्छ । भारतले अघोषित नाकाबन्दी गरेको लामो समयपछि नेपालमा आधा सिलिन्डर वितरण गर्ने योजना भएपनि ग्यास उद्योगले भने रातारात मालामाल बन्ने सपना पुरा गर्नका लागि सर्वसाधारणलाई वितरण गर्ने भनिएको ग्यास नेपालका तारेहोटललाई वितरण गरेर सर्वसाधारणलाई केवल ग्यासको सपना मात्र देखाएका छ । कात्तिक १० गते वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सरोकारवाला पक्षसम्मिलित बैठकले उद्योगहरुले उपत्यकाका करिब ८ सयको संख्यामा रहेका डिलरहरुलाई ७ दशमलव १ किलोग्राम तौल (आधा) सिलिन्डर ग्यास उपलब्ध गराउने सहमति भएको थियो । उक्त सहमति अनुसार ग्यास पाउने आशामा विभिन्न उद्योगका सिलिन्डर प्रयोग गर्ने उपभोक्ताले आ-आफ्ना नजिकका डिलरहरुमा सिलिन्डरको लाइन राखे पनि ग्यास पाउन सकेनन् । ग्यासको अभाव सबैभन्दा बढी काठमाडौं खाल्डोमा थुप्रिएका जनताले खेप्नु परेको छ । ग्यास उद्योगीहरुले सर्वसाधारणलाई वितरण गर्ने ग्यास तारे होटललाई दिएर सर्वसाधारण जनतामाथि जालझेल गर्ने काम गरेका छन् । नेपालमा ग्यासको खानी भएको विभिन्न अध्ययनले देखाएपनि त्यसको उत्खनन् गर्न नसक्दा हामी सधै परनिर्भर हुनुपर्ने अवस्था रहेको छ । खाली छिमेकीको भर पर्नुपर्ने बाध्यताका कारण आज नेपालले खाना पकाउने ग्यासदेखि लिएर सवारी गुडाउने पेट्रोलियम पदार्थमा समेत भर पर्नुपर्ने अवस्था रहेको छ । अर्कोतर्फ सर्वसाधारणलाई वितरण गर्नुपर्ने ग्यास करोडौं लगानी गरिएको तारेहोटललाई वितरण गरेर ग्यास उद्योगीले सर्वसाधारणमाथि खेलवाड गरेका छन् । यस्तो प्रवृत्ति हाबी भईरहेका बेला सरकारले सर्वसाधारणको समस्यामा मल्हम लगाउन लागि प्रभावकारी कदम चाल्न जरुरी छ । के तारे होटलमा बस्ने मात्र मानिस हुन झुप्रोमा बस्ने मान्छे नै होइनन् ? यदि सर्वसाधारणलाई राहत दिनका लागि सरकारले आफ्नो दायित्व पुरा गर्न भुल्नु हुँदैन ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल कार्तिक १७ गते मंगलबार, तदनुसार नवेम्वर ३ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिककृष्णपक्षपक्षको सप्तमी तिथि ११ घटि ९ पला अर्थात बिहानमा १० बजेर ४२ मिनेटसम्म त्यसउप्रान्त अष्टमी तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ । आज दिनमान २७ घटि ४३ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १४ मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १९ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, नविन कार्यको थालनी गर्दा राम्रो, आफन्तसंग भेट, दिन शुभ रहेको छ ।

**वृष** : आँटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहनेछ ।

**मिथुन** : आफन्त जनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल, पेट वा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला ।

**कर्कट** : यश कृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन, दिन सुखद्, समय महत्वपूर्ण रहनेछ ।

**सिंह** : गर्न खोजेको काम विफल शुनेछन, मनमा असान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ ।

**कन्या** : आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ उपयोग गर्नुहोला ।

**तुला** : विरोधीहरु सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

**वृश्चिक** : मानसिक पीडा थपिने, मानहानी, आफन्त बाट धोका, आम्दानीका श्रोतहरु घट्नेछन् नआतिनु होला ।

**धनु** : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भ्टघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

**मकर** : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ ।

**कुम्भ** : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ रहनेछ ।

**मीन** : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

# मधेश आन्दोलन र भारतसंगको सम्बन्ध

✍ उपेन्द्र झा

मधेशले आन्दोलनमार्फत आफ्नो माँगलाई अन्तरीम संविधानमा समावेश गराए पनि असोज ३ गते घोषणा भएको नयाँ संविधानले मधेशको अधिकारलाई सुनिश्चित गरेन । अन्तरीम संविधानले सम्बोधन गरेका कुराहरूलाई पनि त्यागेर खस वर्गीय चरित्रको पृष्ठपोषण गर्दै संविधान उग्र रूपको धारलाई जन्म दिएको छ । परिवर्तनलाई आत्मसात् गर्न नसकेर गोर्खाली प्रवृति बेला मौकामा रक्तरंजित इतिहास लेख्दै आएको कुनै नौलो कुरा होईन । नेपाली राजनीतिमा यसपाली फेरि गोर्खाली प्रवृति उग्र राष्ट्रवादको रूपमा देखा परेको छ ।

उग्र र अन्धराष्ट्रवादले नेपाललाई पेवाको रूपमा सम्झी मधेशलाई सधैं उपेक्षा, भेदभाव र तिरस्कार गर्दै आएको छ । एउटा मधेशीलाई ज्वाईं बनाएपनि सिङ्गो मधेशलाई दास, गुलाम र विदेशी सरहको व्यवहार गर्दै आएको छ । उदार धारमा विभेदको मात्रा कम रहे पनि समग्रमा मधेश नेपालमा उपेक्षित नै रहेको छ । २१औं शताब्दिमा नेपाल प्रवेश गर्दै जहाँ नेपालले विकसित मुलुकको कल्पना गरेको छ, मधेश पनि आफनो जीवन शैली परिवर्तन गर्न यो राज्यसत्ताको विरूद्ध जुर्मुराएको छ । आन्तरिक औपनिवेशिक शोषणबाट मुक्त हुन चाहेको छ । आफनो क्षेत्रीय सम्पन्नतामा विपन्नताको पीडाबाट मुक्त हुन चाहेको छ । अधिकार माग्नु र सोको बहाली गराउन संघर्ष गर्नु उसको मौलिक अधिकार हो । नेपाली राजनीतिमा दोश्रो संविधान सभा पछि गोर्खाली प्रवृतिको अकस्मात् उपस्थितिले देशको राजनीतिक धारा नै बदलि दिएको छ । अधिकारवादी आन्दोलनलाई पछाडि धकेल्दै यसले राज्यसत्ताको पुरानो स्वरूपलाई अझ तिख्खर रूपमा ल्याउने प्रयास गरेको छ । नेपाली राजनीतिमा एक्कासी प्रवेश पाएको उग्र राष्टवादले सहज रूपमा बढि रहेको देशको राजनीतिलाई तहस नहस गरि दिएको छ । मधेशलाई आन्दोलनमा पठाएर आफनो मनोकाँक्षा अनुरूपको संविधान बनाएको छ । भारतसंगको सम्बन्ध बिगारेको छ । मधेशमा पृथकतावादी विचारलाई प्रवेश गराएको छ । चीनसंगको अप्राकृतिक सम्बन्ध बनाउन असफल प्रयास गरेको छ । भारतलाई देखाई दिने उन्मादमा चीनसंग आपूर्ति व्यवस्था मिलाउने प्रयासमा भारतसंगको सम्बन्ध दिनानुदिन चिसिदै गएको छ । गोर्खाली प्रवृतिले शासकहरू लाई उन्मादमा ल्याई दिएको छ । भारतसंगको सम्बन्धलाई सहजीकरणको नाममा अझ चिढाउने प्रयास गरिदै छ । नाकाबन्द रहेको कुरामा नेपालको आन्तरिक समस्याले व्यवधान उत्पन्न गरेको यथार्थ कुरा सम्झाई रहँदा नेपालले आफनो तिरस्कार ठानेको कुरालाई कसले सम्झाउने ?

भारतको कमल छापलाई कमल थापाले प्रभाव पार्ला भनेर परराष्ट्र मन्त्रीले हालै भारतको भ्रमण गरेको थियो । आपूर्ति व्यवस्थाको सहजीकरणबारेको वार्तामा भारतले नेपालको आन्तरिक मामिला भनेको कुराको केही जिक्र नगरि परराष्ट्र मन्त्रीले भारत सकारात्मक रहेको कूटनीतिक भाषा पत्रकार भेंटघाटमा भनेको थियो । देशमा उठि रहेको मधेश आन्दोलनलाई सम्बोधन नगरि भारतमाथि लगाईने लाँछनाले के दिनानुदिन बिग्रि रहेको भारतसंगको सम्बन्धले नेपालको भलो गर्ला ? के नेपाली राजनीतिमा यो उग्र गोर्खाली प्रवृतिको आवश्यकता छ ? यसले देशको विनाशबाहेक भलो गर्ला त ? यी यावत् प्रश्न नेपाली राजनीतिमा बहसको विषय बनेको छ । भारतसंग नेपालको अन्योन्याश्रित सम्बन्ध छ । अरू देशको दाँजोमा भारतमाथि ६० प्रतिशत निर्भर रहेको नेपालले आफनो स्वाभिमानको भरमा देश चलाउन सक्ला ? चारैतिरबाट दाँतले किचेर मार्‍यो भनेर जिब्रोले आवाज उठाउन नसक्ने जस्तै देशलाई पराधीन बनाएर राख्ने खस शासकहरूको अवस्था पनि उस्तै उस्तै छ । दशकौंदेखि गरिब मुलुक र सगरमाथाको देश भनेर व्यापक अन्तर्राष्ट्रिय सहयोग आई रहँदा खस शासकहरूले आत्मनिर्भरभन्दा पराश्रित रहनुमा आफनो भलो हुने देखेर यही बाटो सबै शासकहरूले अंगाले । कृत्रिम रूष्टता देखाएर शक्तिकेन्द्रहरूसंग सम्बन्ध गाँसेर धनलाभ गर्ने नेपाली शासकवर्गको पुरानो संस्कार हो । भारतसंग रूष्ट भएर कहिले चीनसंग, कहिले अमेरिका र यूरोपियन यूनियनसंग सम्बन्ध गाँसेर सहयोग माँग्ने परम्पराले गर्दा यहाँ शक्तिकेन्द्रहरू क्याम्प राखेर सक्रिय भएको हो । राजनीतिक, आर्थिक स्वार्थ पूरा गर्ने उद्देश्यले सबै खेमामा चहार्दै हिंड्ने शासकहरू आज स्वाभिमानको कुरा गरेर नेपाली जनतालाई आश्वस्त राख्न सक्दछ ?

झण्डै ७५ दिनदेखि आन्दोलनमा रहेको मधेशको समस्याप्रति केपी ओलीको सरकार किञ्चित ध्यान नदिई चीनसंग आपूर्ति व्यवस्था मिलाउन प्रयासरत छ । चीनसंगको जतिसुकै मधुर सम्बन्ध भएपनि प्राकृतिक सुगमता नरहेकोले आपूर्ति व्यवस्था मिलाउन विभिन्न व्यवधानहरूको सामना गर्नु पर्छ । कठीन प्रयासले देश झन् झन् कठीन परिस्थितिमा होमिदै जान्छ । स्वाभिमानको जतिसुकै डंका पिटे पनि यो यथार्थभन्दा धेरै टाढा रहेकोले यसले देशको यावत् समस्या समाधान गर्न असक्षम छ भन्ने कुरा सबैले बुझेका छन् । मधेशको विरोधलाई लत्याएर मनोनुकूल संविधान घोषणा गर्नु, प्रधानमन्त्रीमा विजय हासिल गर्नु, मनोनुकूल सभामुख र राष्ट्रपति चयन गर्नु आदि सफलताले केपी ओली सरकारको उन्मादलाई बढाई दिएको हो । यही जीतलाई नेपाली स्वाभिमानको नाम दिने ओली सरकारको देशभित्रको उटपटाङ्ग क्रियाकलापले यो सरकारको दीर्घकालीन अस्तित्वको कल्पना गर्न सकिंदैन ।

बाध्यात्मक अवस्थामा उठेको मधेश आन्दोलनप्रति ओली सरकार किञ्चित पनि गम्भीर देखिदैन । मधेशप्रति सधैं उदासीन देखिएको केपी शर्मा ओली प्रधानमन्त्री पदमा आसीन भएपछि शक्ति सम्पन्न भएको छ । मधेश आन्दोलनप्रति निश्चय पनि कडा रवैया अख्तियार गर्ने यो सरकारको उल्टो दिन गिन्ती शुरू हुनेछ । आन्दोलनलाई सम्बोधन नगर्ने मनसाय राख्ने यो सरकारले दमनबाटै सिध्याउने रणनीति लिने कुरामा दुई मत छैन । देशले भोगी रहेको नाकाबन्दी सुचारू गर्न सरकारले आफनो अत्यधिक सैन्यवल प्रयोग गर्न सक्दछ । विगतका सरकारले अत्यधिक सुरक्षावल प्रयोग गरि मधेशमा व्यापक मानव क्षति गराएको हो । आन्दोलनकारीप्रति सरकारको अमानवीय व्यवहारले यसपाली मधेशप्रति राख्ने घृणालाई प्रष्ट्याई दिएको छ ।

मधेश आन्दोलनले उठाएको माँगप्रति सरकारको उदासीनताले आन्दोलनलाई भड्काउने नियत पनि स्पष्ट छ । मधेशका राजनीतिक अगुवाहरूले तीनतिर फर्काएको मुखलाई समान दिशातिर राखेर पूर्ण रणनीतिका साथ आन्दोलन संचालन गर्नु पर्दछ । पारस्परिक सद्भाव बिगार्न खोज्ने मनसायका साथ सरकार अनेक हथकण्डा प्रयोग गर्न सक्दछ । मधेशी जनता आफनो अधिकारका लागि फेरि उठि सकेको छ । आन्दोलन निर्णायक बन्दै गएको अवस्थामा यसलाई सशक्त र कुशलतापूर्वक संचालनको आवश्यकता छ । सरकारले मधेशका राजनीतिक दलहरूलाई परस्पर लडाई दिने, लोभ लालचमा फँसाई दिने, मधेशको एकतालाई टुक्र्याई दिने आदि खेलहरू विगतमा खेलेकै हो । आजको दिनमा एकतिर यो हथकण्डा प्रयोग गर्ने, अर्कोतिर आन्दोलनकारीमाथि अत्यधिक बल प्रयोग गरि दमन गर्ने रणनीति लिनेछ । अहिलेको सरकारको यही स्वभाव हो ।

नेपालमा आफनै कारणले पराश्रित राजनीतिक संस्कारको विकास भएकोले मधेशपनि अछूता नरहने कुरामा दुईमत छैन । नेपालको राजनीतिमा भारतको प्रत्यक्ष दखल रहदै आएको छ । राजनीतिक सहयोग पाउनु र कसैमाथि आश्रित भएर राजनीति गर्नु अलग अलग कुरा हो । भारत सधैं नेपाल सरकारप्रति केन्द्रीत रहन्छ । मधेशप्रति केन्द्रीत भएर नेपालको राजनीति संचालन गर्नु उसको कहिले पनि नीति रहेन र रहँदैन पनि । चाटुकारिताको हदै पार गर्ने खस शासकवर्गको मधेश आन्दोलनमा भारतको सहयोग देख्नु एकाधिकारमाथि प्रहार पछिको प्रतिक्रिया मात्र हो ।

एक नदिको दुई किनारा कहिले मिल्न नसक्ने जस्तै खसवर्ग र मधेश समुदायबीच रहेको अन्तर्विरोध लोकतान्त्रिक सरकार भनाउँदाहरूको पालादेखि प्रखर रूपमा देखिएको हो । शासकवर्गको मधेशप्रतिको घृणाबाट यो अन्तर्विरोध बढ्दै गएको हो । मधेशप्रति प्रतिक्रियात्मक रूपमा प्रस्तुत हुने शासकवर्गले यसलाई बढाउने काम नै गरेको छ । मधेशलाई विशुद्ध रूपमा भारतीय बुझ्ने नेपाली शासकहरूको यो गोर्खाली चरित्र हो । लोकतन्त्रले पनि शासकको यस्तो बुझाईलाई परिवर्तन गर्न सकेन । मधेशको यही यथार्थ हो । त्यसकारण मधेशले आफनो हक अधिकारका लागि उठाएको आन्दोलनलाई कसरी निर्णायक बनाउने सोच्नु पर्दछ ।

भारत के कति कारणले अहिले मधेश आन्दोलनको कित्तामा देखा परेको राम्रो कुरा हो । मधेश आन्दोलनले नाकाबन्दीको कार्यक्रम शुरू गर्दा बिहारमा चुनावका कारण बोर्डरमा भारतीय सुरक्षाकर्मीले कडा सुरक्षा राखेकाले आन्दोलनलाई थप सहयोग पुगेको हो । खस शासकहरूले "भारतले गरेको नाकाबन्दी" को खूबै प्रचार गरि रहेको छ । आपूर्ति व्यवस्थाको वैकल्पिक मार्गको खोजीमा चीन पुगेका यो सरकारको प्रतिनिधी मण्डल सम्झौता पनि गरेको छ । यसबाट के कुरा प्रष्ट हुन्छ भने मधेशलाई त के कुरा सरकारले भारतलाई पनि चुनौती दिएको छ ।

आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने कूटनीतिक आचार संहिता रहेपनि नेपाली राजनीतिमा भारतको प्रत्यक्ष दखल रहँदै आएको कसैले नकार्न सक्दैन । संविधान घोषणा सम्बन्धमा नेपाल चीनसंग नजिक पुगेको अवस्थादेखि भारत नेपालको राजनीतिबाट बेदखल भएको अनुमान लगाउन सकिन्छ । संविधान घोषणा गर्ने प्रक्रिया केही दिन रोकि मधेशी, थारूको माँगलाई सम्बोधन गर्न भारतको आग्रहलाई वेवास्ता गरि चीनसंग प्रभावित लोकतान्त्रिक सरकारले मनोमानी ढंगले संविधान घोषणा गर्‍यो । त्यसपछिका दिनमा सुशील कोईरालालाई चार दलीय गठबन्धनबाट अलग भई प्रधानमन्त्रीको उम्मेदवार बन्नु, आन्दोलनरत मधेशी मोर्चाले काँग्रेस उम्मेदवार सुशील कोईरालालाई मत दिने निर्णय गर्नु, यदि भारतको निर्देशित योजना थियो भने काँग्रेस र मधेशको अपमानजनक हारको अर्थ के ? प्रधानमन्त्रीको चुनावमा भारतको कहीं पनि उपस्थिति देखिएन । सभामुख र राष्ट्रपतिको चुनावमा भारतको चर्चा पनि सुनिएन । यी घटनाक्रमले नेपालको राजनीतिबाट भारतको उपस्थिति हराएकै हो ?

(मधेश दर्पण फिचर सेवा)

# चक्रदेवी सहकारीद्वारा सहयोग

✍ गोल्डेन न्यूज संवाददाता
पोखरा १६ कार्तिक ।

चक्रदेवी बहुमुखी सहकारी सस्था लिमिटेडले लेखनाथ-८ शिशुवाले सोमबार आफ्नो ४९औं स्थापना दिवसको अवसर पारेर कास्कीको लेखनाथ नगरपालिका वडा नं ६ सहेला पाखामा रहेको श्रीकृष्ण प्रणामी बाल तथा बृद्धाश्रमलाई सहयोग गरेको छ । सहकारीका सात सिद्धान्त मध्यको समुदायप्रतिको चासोलाई ध्यानमा राख्दै सहकारीले एक कार्यक्रमका विच आश्रममा बस्ने बृद्धबद्धाका लागि अवश्यक पर्ने भाडाकुडा, खाद्य सामाग्री र फलफूल वितरण गरेको हो। सहयोग सामाग्री हस्तान्तरण गर्दै लेखनाथ नगरपालिकाका निमित्त कार्यकारी अधिकृत राममणि अधिकारीले सहकारीले आर्थिक उपार्जनको साथमा सामाजीक उत्तरदायित्वलाई समेत मध्यनजर राख्दै सामाजिक भावनाले देश विकासमा पनि सहयोग पुर्‍याउनु पर्ने धारणा राखेका थिए। सोही अवसरमा सहकारीका अध्यक्ष सोमलाल कंडेलले सहकारी सस्थापन भएदेखि हरेक वर्ष बृद्ध बृद्धा तथा असहाय बाल बालिकाको क्षेत्रमा सहयोग गर्दै आएको र आगामी दिनहरुमा पनि यस प्रकारका सहयोगहरु जारी रहिरहने विश्वास दिलाएका थिए ।

आश्रम संचालन समितिका उपाध्यक्ष दुर्गा प्रसाद गौतमको अध्यक्षतामा भएको सो कार्यक्रमको संचालन सदस्य कृष्ण प्रसाद ढुंगानाले गरेका थिए भने स्वागत मन्तव्य सदस्य महेश्वर पाण्डेलले गरेका थिए।

# किसान जैविक मलतर्फ आकर्षित

**म्याग्दी १६ कार्तिक ।**

म्याग्दीका किसान जैविक मलतर्फ आकर्षित हुन थालेका छन् । जङ्गलमा झरेका पातलाई कुहाएर मल बनाई खेतबारीमा प्रयोग गर्नाले उत्पादन बढ्ने भएकाले यहाँका किसान जैविक मलतर्फ आकर्षित हुन थालेका हुन् । खेतीपाती गर्ने समयमा मल नपाइने र वर्षेपिच्छे रासायनिक मलमा हुने मूल्यवृद्धिका कारण किसान मर्कामा पर्दै आएका छन् । जैविक मलको प्रयोगले माटोको गुणस्तरमा सुधार भई उत्पादनमा वृद्धि गर्न सकिने भएकाले यो मल प्रभावकारी भएको बेनी नगरपालिका-५ का किसान राजु रिजालले बताए । लामो समयदेखि रासायनिक मलको प्रयोगले माटोको उर्वराशक्ति नाश भई उत्पादन घट्दै जाने भएकाले रासायनिक मलको सट्टा जैविक मल प्रयोग गर्न र उत्पादन बढाउन स्थानीयबासी टीकाबहादुर कार्कीले कृषकलाई सुझाव दिए । गाईवस्तुको गोबरमा जङ्गलमा खेर गइरहेका स्याउलाका पातलाई मिलाएर बनाएको मल खेत बारीका लागि निकै उपयोगी र प्रभावकारी हुन्छ ।रासस

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चार्या पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८
फ्रि होम डेलिभरि

# वीरगन्ज–रक्सौल नाकामा तनाव, एकको मृत्यु

**गोल्डेन न्यूज संवाददाता**
**वीरगञ्ज १६ कार्तिक ।**

चालिस दिनदेखि अवरुद्ध वीरगन्ज-रक्सौल नाका खोल्न खोज्दा सोमबार यहाँ व्यापक तनाव भएको छ । सुरक्षाकर्मीले मितेरी पुलमा जारी धर्ना हस्तक्षेप गरी हटाएको विरोधमा सीमा प्रहरी चौकी इनर्वामा आक्रमण गर्न आएका प्रदर्शनकारीमाथि प्रहरीले गोली प्रहार गर्दा एक भारतीयको मृत्यु भएको छ । मितेरी पुलमा प्रहरीले बल प्रयोग गरी धर्नाकारीलाई हटाएको विरोधमा बिहानैदेखि वीरगन्जको छपकैया, नगवा, मुर्ली, घण्टाघर, पावरहाउस चोकमा टायर बालेर प्रदर्शन गर्नुका साथै बाँस र लाठी प्रयोग गरी सडक अवरोध गरेका थिए । मितेरी पुलबाट करिब ४ सय मिटर उत्तरमा रहेको शंकराचार्य गेटसम्म प्रदर्शनकारीले ढुंगा प्रहार गर्दै सुरक्षाकर्मीलाई लखेटेका थिए । गेट छेउमा रहेको सीमा प्रहरी चौकी इनर्वामा सुरक्षाकर्मी पसिसक्दा पनि ढुंगा प्रहार रोकिएको थिएन । चौकी आक्रमण गर्न आउने प्रदर्शनकारी माथि गोली प्रहार गर्दा एकको मृत्यु भएको पर्सा प्रहरीले जनाएको छ । सीमावर्ती रक्सौल नागा रोड निवासी अशोक रामका १९ वर्षीय छोरा 'सोनु' भनिने आशिष रामको मृत्यु भएको हो । घटनास्थलमै मृत्यु भएका उनको शव नारायणी उपक्षेत्रीय अस्पतालमा राखिएको छ । अस्पतालमा उनका आफन्तले शव पहिचान गरेका हुन् । प्रहरी उपरीक्षक राजुबाबु श्रेष्ठले सीमा प्रहरी चौकीमा आक्रमण गर्न आएका आन्दोलनकारीलाई तितरबितर पार्न हवाई फायर गरिएको बताए । 'ढुंगा प्रहार गर्ने एक प्रदर्शनकारीको मृत्यु भएको हो,' उनले भने,-'ढुंगा प्रहारबाट २ सईसहित ८ प्रहरी घाइते भएका छन् ।'

उक्त क्षेत्रमा प्रदर्शनकारीले पेट्रोल बम र एसिड प्रहार गरेको प्रत्यक्षदर्शीले बताए । अन्तिम अवस्थासम्मै संयम अपनाएको प्रहरीले चौकीसम्मै प्रदर्शनकारी आएपछि गोली चलाएको एसपी श्रेष्ठले बताए । संघीय समावेशी मधेसी मोर्चाका राजेशमान सिंहले भने शान्तिपूर्ण धर्नामा प्रहरीले दमन गरी आतंक सिर्जना गरेको आरोप लगाए । 'सरकारसँगको वार्ता सकारात्मक रूपले अगाडि बढिरहेको अवस्थामा बिहान धर्नाकारीको संख्या कम देखेर लाठीचार्ज गरी आगोमा घिउ छर्कने काम प्रहरीले गरेको छ,' उनले भने । अपराहन नगवा र घण्टाघरमा भएको झडपमा ८ प्रदर्शनकारीलाई रबरको गोली लागेको थियो । उनीहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ । थप क्षति हुन नदिन स्थानीय प्रशासनले अपराहन ३ बजेदेखि वीरगन्ज बजार क्षेत्रमा अनिश्चितकालका लागि कर्फ्यु जारी गरेको प्रमुख जिल्ला अधिकारी केशवराज घिमिरेले बताए । ३ बजेबाट कर्फ्यु जारी भए पनि साँझ ६ बजेसम्म प्रदर्शनकारीले सहरका विभिन्न ठाउँमा प्रदर्शन गरिरहेका थिए । धर्नामा भारतीय बिहान ५ बजे मितेरी पुलबाट आन्दोलनकारीलाई सुरक्षाकर्मीले हस्तक्षेप गरी हटाएको थियो । त्यसक्रममा धर्नामा बसेका २ भारतीय नागरिकसहित ५ जनालाई पक्राउ गरेको थियो । भारत मोतीहारीका मो.जमरुद्दिन, समद अन्सारी, रौतहटका हरेन्द्र राना, बाराका वीरबहादुर महतो र वीरगन्जका जगत पटेललाई प्रहरीले धर्नास्थलबाट नियन्त्रणमा लिएको थियो । अवरोध हटेपछि वीरगन्ज नाकामा रोकिएका ४ सयभन्दा बढी खाली भारतीय गाडी रक्सौल गएका थिए । धर्नाका कारण ती गाडी नाकामा अडकिएका थिए । एक साताअघिदेखि भारतीय चालकले घर फिर्ताको वातावरण बनाइदिन वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावास अगाडि धर्नामा बस्दै आएका थिए । भारतीय नम्बरका सवारी साधन रक्सौल कस्टम पास नहुँदासम्म भारतीय प्रहरीले धर्नाकारीलाई हटाउन नेपाल प्रहरीलाई सघाएका थिए । पुलमाथिको अवरोध हटेपछि रक्सौल कस्टमका सुपरिटेन्डेन्ट अरुण कुमार रजक सहयोगीसाथ पुलमा आएर नेपाली सुरक्षाकर्मीसँग छलफल गरेका थिए । 'नाकामा अहिले कुनै अवरोध छैन,' रजकले भनेका थिए, 'अब रक्सौलतिरबाट पनि नेपालका लागि सवारी साधन आउने छन् ।' उनले यसबाहेकका अन्य सबै नाका सुचारु भइसके पनि यो मात्र किन ठप्प पार्नु भनेर जिज्ञासा राखेका थिए । रक्सौल कस्टमको ढाँटबाट प्रदर्शनकारीलाई मितेरी पुलमा आउन दिएका थिएनन् । नेपालतिरको दशगजा क्षेत्रमा प्रदर्शनकारीलाई आउनमा नेपाल र भारतका प्रहरीले रोक लगाएको थियो । 'बिहान १० बजेसम्म यताबाट सबै गाडी पास भएपछि भारतीय प्रहरीले प्रदर्शनकारीलाई पुलमा आउन रोकेनन्,' एक प्रत्यक्षदर्शीले भने, 'सबै भारतीय गाडी पुलबाट पास भइसकेपछि भारतीय प्रहरीले सवारी साधनको सट्टा भारतीय अधिकारीले प्रदर्शनकारी पठाइदिए ।' नाकाको अवरोध हटेपछि पारि रक्सौलमा रोकिएका नेपाल आउने सवारी साधन मुलुक भित्रिने यताका सुरक्षा अधिकारीले विश्वास लिएका थिए । वीरगन्ज भन्सारबाट ५ सय मिटर उत्तरमा रहेको रजतजयन्ती चोकमा सुरक्षाकर्मीले सञ्चारकर्मी र रक्सौल जाने यात्रुलाई मात्र छाडेको थियो । पुलमा आउन प्रदर्शनकारी सहायक बाटो प्रयोग गरी रक्सौल कस्टम हुँदै बिहान १० बजेपछि मितेरी पुल पुगेका थिए । प्रदर्शनकारीको संख्या बढेसँगै पुलबाट सुरक्षाकर्मीमाथि अन्धाधुन्ध ढुंगा प्रहार सुरु भएको थियो । दशगजाबाट प्रहरी पछाडि सर्दै इनर्वा चौकी परिसरमा आएको थियो । त्यहाँ पनि प्रदर्शनकारीले ढुंगा प्रहार जारी राख्दा गोली प्रहार भएको थियो । लगंडी र महुवन प्रहरी चौकीमा आक्रोशित प्रदर्शनकारीले तोडफोड गरेका छन् । वीरगन्जको गण्डकचोकमा रहेको सहिद तेजबहादुर अमात्यको सालिक तोडफोड गरी ढालेको स्थानीय सञ्जय यादवले बताए । बारामा प्रदर्शन आन्दोलन क्रममा वीरगन्ज-रक्सौल नाकाबाट मधेसी मोर्चाका कार्यकर्ता र समर्थकलाई प्रहरीले हटाएको विरोधमा बाराको कलैया, जितपुरलगायत स्थानमा पनि प्रदर्शन भएको छ । जितपुरमा प्रदर्शन बढेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले २ राउन्ड हवाई फायर र १२ सेल अश्रुग्यास प्रहार गरेको थियो । प्रदर्शनकारीले जितपुरमा ट्रकमाथि ढुंगा प्रहार गरेपछि प्रहरी र प्रदर्शनकारीबीच झडप भएको थियो । वीरगन्जबाट सिमरातर्फ जाँदै गरेको ना५ख ९२८३ नम्बरको ट्रकमाथि ढुंगा प्रहार गर्दा विराटनगर घर भई हाल पथलैया बस्दै आएका ४५ वर्षीय मोहन सहनी घाइते भएका छन् । उनको टाउकोमा गम्भीर चोट लागेको छ । थप उपचारका लागि उनलाई भरतपुरस्थित पुरानो मेडिकल कलेजमा रिफर गरिएको प्रहरी निरीक्षक पुरुषोत्तम खडकाले बताए । प्रदर्शनकारीले जितपुर स्थित लालका पुलनजिक रोकी राखेका ५ वटा टाटा सुमो र ४ वटा ट्रकमाथि ढुंगा प्रहार गरी क्षति पुर्‍याए । ढुंगा प्रहारबाट गाडीका सबै सिसा फुटेका छन् । प्रदर्शनकारीले त्रिपाल टाँगेर सडक अवरुद्ध गरेका छन् । घटनामा संलग्न भएको आरोपमा गढीमाई-७ जितपुरका ४० वर्षीय रामबाबु गुप्ता कलवारलाई नियन्त्रणमा लिइएको खडकाले बताए । प्रदर्शनकारीहरूले शान्तिपूर्ण प्रदर्शनमाथि हस्तक्षेप गरेकाले झडप भएको दाबी गरेका छन् । यसैबीच सर्लाहीमा मधेसी मोर्चाको आन्दोलनमा एक्यबद्धता जनाउँदै वैश्य समाजले सदरमुकाम मलंगवामा जुलुस प्रदर्शन गरेको छ । अपराहन निस्केको जुलुसमा कलवार, सुडी, तेली र कथवनियाहरू सहभागी थिए । जिविस चोकबाट नाराबाजी गर्दै निस्केको जुलुस नगर परिक्रमापछि तीनबिघे मैदानमा पुगेर कोणसभामा परिणत भएको थियो ।

# ध्वनि प्रदुषण र असामाजिक गतिविधि रोक्न माग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १६ कार्तिक ।**

लालुपाते टोल विकास संस्था पोखरा-६, बैदामले टोलमा ध्वनि प्रदुषण र असामाजिक गतिविधि बढेको भन्दै त्यसलाई रोक्न माग गरेको छ। संस्थाले सोमबार ध्वनि प्रदुषण र असामाजिक गतिविधि रोक्न माग गर्दै कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णराज रेग्मीलाई ज्ञापनपत्र बुझाएको छ। संस्थाका अध्यक्ष मिरा अधिकारी, सल्लाहकार गोविन्दराज पहारी, उपाध्यक्ष दीपक त्रिपाठी, निवर्तमान अध्यक्ष खिमबहादुर ढकाल, सचिव स्थानेश्वर अधिकारीलगायतले रेग्मीलाई ज्ञापनपत्र बुझाएका थिए।

ज्ञापनपत्रमा टोलमा सञ्चालित केही डान्सबारले राति अबेरसम्म आफ्ना गतिविधि सञ्चालन गर्ने गरेको र साउण्ड प्रुफ नगर्दा टोलवासी, पर्यटकलाई पनि नकारात्मक असर परेको उल्लेख छ। डान्सबारहरूले विगतमा पटक-पटक साउण्ड प्रुफ बनाउने र असामाजिक गतिविधि बन्द गर्ने सम्झौता गरी समय तोकिए पनि कार्यान्वयन हुन नसक्दा आफूहरू समस्यामा परेको अध्यक्ष अधिकारीले बताइन्।

यी विषयमा पटक-पटक सरोकारवाला निकायको ध्यानकर्षण गराउँदा पनि समस्या समाधान नभएको संस्थाका सल्लाहकार गोविन्दराज पहारीले बताए । राष्ट्रिय पर्यटन प्रवर्द्धन समितिका पश्चिमाञ्चल संयोजकसमेत रहेका पहारीले यस्ता क्रियाकलापले पर्यटकको आवागमन र समाजको अमनचयनमा पनि असर पर्ने उल्लेख गरे। ज्ञापनपत्र बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले समस्या समाधानका लागि आफूले पहल गर्ने बताए। उनले चाडै नै कार्यालयले साउण्ड प्रुफ बनाएरमात्र बार, रेष्टुरेन्टहरू सञ्चालन गर्न निर्देशन दिने बताएका थिए।

# छारेरोगको औषधि

**काठमाडौं १६ कार्तिक ।**

म्याग्नस फर्माले छारे रोगको औषधि बजारमा ल्याएको छ । 'नेप्लिज सोसाइटी अफ न्युरो सर्जन'ले आज यहाँ आयोजना गरेको कार्यक्रममा म्याग्नसले लेभेटाम ब्रान्डमा 'लेभिटेरासिटाम' र लेमोजिन ब्रान्डमा 'लेमोट्रिजिन' नामको औषधि बजारमा ल्याएको हो । सो औषधिको वरिष्ठ न्युरो सर्जन डा वसन्त पन्त र जापानका वरिष्ठ न्युरो सर्जन डा हिडे युकी बोनिसीले संयुक्त रुपमा सार्वजनिक गरेका थिए । डा पन्तले जटिल रोगका औषधि उत्पादन स्वदेशमै उत्पादन हुँदा बिरामीले सुपथ मूल्यमा गुणस्तरीय सेवा पाउने विश्वास व्यक्त गरे । म्याग्नसका बजार निर्देशक सुधीरप्रकाश मास्केले औषधि आयातलाई प्रतिस्थापन गर्दै देशलाई औषधिका क्षेत्रमा आत्मनिर्भर बनाउन नयाँ प्रकारका औषधि उत्पादन गर्न कम्पनी लागेको बताए । विसं २०६६ बाट औषधि उत्पादन थालेको म्याग्नसले मानसिक रोग, मुटु रोग, मधुमेह, मिर्गौला, हाडजोर्नी तथा नसा रोगका अत्यावश्यक औषधि नेपालमा पहिलोपटक उत्पादन सुरु गरेको हो । रासस

# मिस क्वीन लेखनाथको उपाधि श्रेष्ठको पोल्टामा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १६ कार्तिक ।**




लेखनाथ मिडिया हाउसको आयोजना र फोटो मण्डलको एसोसिएटी पामा लेखनाथमा पहिलो पटक भएको मिस क्वीन लेखनाथको उपाधि वेगनासतालकी सुलोचना श्रेष्ठले हात पारेकी छन् । अन्तिम प्रतिस्पर्धामा १४ जनालार्य पछि पार्दै उनले उपाधि हासिल गरेकी छन् । त्यसैगरी फस्ट रनर अपको उपाधि वुढिवजारकी कोपिला गुरुङ्गले उचालेकी छन् । साथै सेकेन्ड रनर अपमा भण्डारढिककी सलिना राणाले उपाधि हासिल गरेकी छन् । त्यसै गरी मस्ट भ्यसवर च्वासको सवटाइटल मनिषा सुवेदीले जितेकी छन् । पोखरा सभागृहको हलमा करिव १ हजार भन्दा वढी दर्शकका विचमा भएको कार्यक्रममा वोल्दै प्रमुख अतिथी कर्मचार्य ग्रुपका निर्देशक गोविन्द कर्माचार्यले लेखनाथको आर्थिक समाजिक, पर्यटन सँगसँगै फेशनको समेत विकास यस कार्यक्रममले शुरुवात गरेको वताए । साथै सोही कार्यक्रममा विशिष्ट अतिथि लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मी प्रसाद त्रिपाठीले लेखनाथलाई राष्ट्रिय स्तरमा चिनाउनकालाई यो कार्यक्रमम अति उपयुक्त रहेको जानकारी दिए । लेखनाथ मिडिया हाउसका प्रवन्ध निर्देशक सन्दिप पौडेलको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन सचिन रानाभाट र स्विकृती पन्तले गरेकी थिए ।

# सुर तालको अडिसनबाट नब्बे जना छनोट

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १६ कार्तिक ।**

गायन तथा नृत्य प्रतियोगिता 'सुर ताल'को ग्राण्ड अडिसनबाट गायनतर्फ २५ र नृत्यतर्फ २० जना प्रतिस्पर्धीहरु अघिल्लो चरणको लागि छनौट भएका छन् । विभिन्न चरणबाट छानिएर आएका ९० जना प्रतिस्पर्धीहरुमध्ये ग्राण्ड अडिसन मार्फत उनीहरु छनौट भएका हुन् । गायन तथा नृत्य प्रतियोगिता 'सुर ताल'मा १० जिल्लाबाट करिब एक हजार जना प्रतिभाहरुले पहिलो चरणको अडिसनमा सहभागिता जनाएका थिए । पोखरामा भएको ग्राण्ड अडिसनमा उनीहरुले गायन तथा नृत्य विधामा आफ्नो प्रतिभा देखाएका थिए । 'प्रतिभा छनौट गर्ने हाम्रो अभियानमा हामीले १० जिल्लामा अडिसन सकाएर ग्राण्ड अडिसन पोखरामा गरेका हौं ।' प्रतियोगिताको आयोजक सुरताल कला केन्द्रका प्रशान्त सुनारले भने- 'अबका चरणका सम्पूर्ण अडिसनहरु पोखरामै हुनेछन् ।'

पोखरामा भएको अडिसनको क्रममा गायनतर्फ रामभक्त जोजिजु र योगेश काजी बिसी निर्णायक रहेका थिए । त्यस्तै नृत्यतर्फ गोरे गुरुङ र देवराज राई निर्णायक रहेका थिए । ग्राण्ड अडिसनको क्रममा अघिल्लो चरणमा प्रतिस्पर्धी छनौट प्रक्रियामा शतप्रतिशत निर्णायकको मतको आधारमा गरिएको आयोजकले बताएको छ । पोखरामा अब ग्राण्ड फिनालेभन्दा अगाडि तीन चरणका अडिसन हुने आयोजकले जनाएको छ । आयोजकले दिएको जानकारी अनुसार पुसको १८ गते प्रतियोगिताको ग्राण्ड फिनाले हुनेछ । प्रतियोगितामा गायन र नृत्य दुवै विधातर्फ विजेता बन्नेलाई हार्टफोर्डको स्कुटर प्रदान गर्ने आयोजकले बताएको छ । त्यस्तै दुवै विधामा दोस्रो हुने प्रतियोगीलाई २० हजार रुपैयाँ नगद प्रदान गर्ने उसले जनाएको छ ।


## हार्दिक समवेदना



जन्मः
वि.स.ः२०२४/०५/२९ गते

स्वर्गारोहण
वि.स.ः२०७२/०७/०५ गते

**स्व. भिमबहादुर जि.सी.**

यस संस्थाका संस्थापक अध्यक्ष एवं सल्लाहकार, समाजसेवी भिमबहादुर जि.सी.को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

हुमवीर पुन (अध्यक्ष) एवं
**पिपलडाली समाज सराङ्कोट परिवार**
पोखरा उपमहानगरपालिका वडा नं. २६, कास्की

आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो । ईन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।

## हार्दिक समवेदना



जन्मः
वि.स.ः२०२४/०५/२९ गते

स्वर्गारोहण
वि.स.ः२०७२/०७/०५ गते

**स्व. भिमबहादुर जि.सी.**

हाम्रा आत्मीय मित्र, नेपाली कांग्रेसका क्रियाशील सदस्य,साविक नेपाली कांग्रेस सराङ्कोट-९ का सभापति एवं समाजसेवी भिमबहादुर जि.सी.को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

| | | |
|---|---|---|
| **मनोज गुरुङ** जिल्ला सदस्य नेपाली कांग्रेस कास्की | **बुद्धिमान गुरुङ** धम्पुस, कास्की | **आशबहादुर गुरुङ** उपाध्यक्ष नेपाल आदिवासी जनजाति संघ कास्की |
| **कुलमान गुरुङ** पोखरा-१, सिम्पानी, कास्की | **रामकुमार श्रेष्ठ** सराङ्कोटचोक, पोखरा-२ | **तारानाथ अधिकारी** नेपाल विद्यार्थी संघ, कास्की |

## खुशीको खबर !



के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

## अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

## विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- **अन्तर्वार्ता धमाधम भइरहेको छ ।**
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोनः०६१-५५०२५२, मो. ९८४६०-४१४९२

Study in Japan
City of your choice
Intake for January & April-2016
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उतिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

# वार्ता भङ्ग गर्ने मधेशी मोर्चाको निर्णय

काठमाडौं १५ कार्तिक ।



आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले सरकारसँग जारी वार्ता भंग गर्ने निर्णय गरेको छ । मोर्चाको वार्तासमितिको सोमबार तराई मधेश लोकतान्त्रिक पार्टीको कार्यालयमा बसेको बैठकले सो निर्णय गरेको हो । हिजो मात्र वार्ता सकारात्मक दिशामा अघि बढेपनि आज एकाएक सरकार दमनमा उत्रिएकाले सरकार वार्ताको पक्षमा नरहेको आरोप मोर्चाका नेताहरुले लगाएका छन् । 'वार्ताको वातावरण समाप्त' भएको मोर्चाले जारी गर्न लागेको विज्ञप्तिमा उल्लेख छ । सोमबार वीरगञ्जमा नाका खुलाउने क्रममा भएको झडपमा १ जनाको मृत्यु समेत भइसकेको छ । आइतबार मात्र सरकारले विवादीत रहेको सीमाकंन लगायतको विषयमा सरकार पुर्नविचार गर्न तयार रहेको लिखित जानकारी मोर्चालाई गराएपछि वार्ता सकारात्मक दिशा अघि बढेको मोर्चाका नेताहरुले नै बताएका थिए । वार्ताको क्रममा सरकारले सीमाअवरोध र बन्द फिर्ता लिन आग्रह गरे पनि मोर्चाका नेताहरुले माग पूरा नभएसम्म त्यसो गर्न नसकिने जानकारी दिएका थिए । तर, सोमबार बिहान एक्कासी प्रहरी बीरगंजमा सीमाअवरोध गरिरहेका आन्दोलनकारीलाई हटाउन पुगेका थिए । जसक्रममा व्यापक बल प्रयोग भएको मोर्चाका नेताहरुले आरोप लगाए । प्रहरीले सीमा खुलाएर २ सयभन्दा बढी भारतीय गाडीलाई सीमा पार गर्न दिएका थिए । त्यसपछि भएको झडपमा एक जनाले ज्यान गुमाएका छन् भने विरगञ्जमा अनिश्चितकालिन निषेधाज्ञासमेत जारी गरिएको छ । वार्ता समितिमा लक्ष्मणलाल कर्ण, रामनरेशराय यादव, हृदयेश त्रिपाठी र लालबाबु राउत रहेका छन् ।

यसैगरी संयुक्त लोकतान्त्रिक मेधेसी मोर्चाले सरकार र आन्दोलनकारी पक्षबीच बन्दै गएको सकारात्मक वातावरणलाई वीरगन्जमा सोमबार भएको घटनाले खण्डित तुल्याएको जनाएको छ । वीरगन्ज घटनाले सरकारले वार्तालाई रणनीतिको रुपमा प्रयोग गर्न खोजेको आभास भएको मोर्चाले आरोप पनि लगाएको छ ।
मोर्चाद्वारा आयोजित पत्रकार सम्मेलनमा तराई मधेस लोकतान्त्रिक पार्टीका उपाध्यक्ष हृदयेश त्रिपाठीले वार्तालाई सार्थक र परिणाममुखी बनाउन प्रयास भइरहेका बेला वीरगन्ज घटनाले त्यसमा प्रश्न खडा गरेको छ भने । वार्ता बिथोल्ने काम सरकारबाटै भएकाले वार्ताको औचित्य समाप्त हुँदै गएको उनको भनाइ थियो । पत्रकारसम्मेलनमा वितरित प्रेस विज्ञप्तिमा भने अविलम्बरुपमा सरकार जिम्मेवार ढङ्गले प्रस्तुत भई वार्ताको वातावरणलाई सहज बनाउन भूमिका निर्वाह गरोस् भनिएको छ ।

यसैबीच सद्भावना पार्टीका सहअध्यक्ष लक्ष्मणलाल कर्णले धर्नामा बसेका प्रदर्शनकारीमाथि प्रहरीले धरपकडको विरोध गरेका छन् । उनले सरकारले मधेसमा हिंसा भड्काएर गृह युद्ध चाहेको आरोप समेत लगाए । राजधानीमा आयोजित एक कार्यक्रममा बोल्दै उनले सरकारलाई प्रश्न गर्दै भने, 'सरकारले मधेसमा हिंसा भड्काएर गृह युद्ध चाहेको हो ?, यदी होइन भने हिजो भएको वार्ता सकारात्मक हुँदा हुँदै मधेसीमाथि किन आज फेरि दमन गर्ने काम भयो ?'उनले मधेस आन्दोलनलाई कमजोर रुपमा नआक्न समेत चेतावनी दिए ।

# भिटामिन ए र जुकाको औषधि खुवाइयो

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ कार्तिक ।

जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीको आयोजनामा सोमबार जिल्लाका ६ महिनादेखि ५ वर्षसम्म उमेरका बालबालिकाका लागि भिटामिन 'ए' र एक वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधि खुवाइयो । जिल्लामा भिटामिन 'ए' खुवाउने बालबालिका ५० हजार ४३१ र जुकाको औषधि खुवाउने ४४ हजार २३० बालबालिका भएको जनस्वास्थ्य अधिकृत नानीबाबु ढकालले बताए । यसका लागि जिल्लाका ४३० वटा केन्द्रमा एक हजार ६९ जना महिला स्वयंसेविका र अनुगमनका लागि ३०० स्वास्थ्यकर्मी खटाइएको छ । भिटामिन 'ए' र जुकाको औषधि खुवाउनका लागि रु १७ लाख २२ हजार खर्च हुने जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ । यो कार्य आज मंगलबार पनि रहने बताइएको छ ।

# अपर मादी जलविद्युतको काम अझै ठप्प

गोल्डेन न्यूज संवाददाता
पोखरा १६ कार्तिक ।



भारतीय नाकाबन्दीले इन्धन अभाव तथा अन्य अत्यावश्यकीय उपकरणहरु आउन नसक्दा निर्माणाधीन २५ मेगावाटको अपर मादी जलविद्युत आयोजनाको काम एक महिनादेखि ठप्प भएको छ । कास्कीको सिल्दुजुरे र नामार्जुन गाविसमा निर्माणाधीन आयोजनाको ८२ प्रतिशत काम सम्पन्न भइसकेको छ । नाकाबन्दीले पेट्रोलियम पदार्थ, सिमेन्ट र छडलगायतका निर्माण सामग्री अभाव भएपछि काम ठप्प भएको आयोजनाका सहायक को-अर्डिनेटर राजकुमार बरालले बताए । आयोजनाका कार्यरत करीब ६ सय मजदुरलाई बिदा गरिएको छ ।

केही चिनियाँ कामदार पनि चीन फर्केका छन् । आयोजनाका अनुसार दैनिक ५ हजार लिटर इन्धन आवश्यक पर्छ । काम ठप्प हुँदा दैनिक ५ करोड बढीको घाटा आयोजनाले ब्यहोरिरहेको बरालले बताए । आयोजना र भाडाका उपकरण समेत त्यत्तिकै थन्किएका छन्' बरालले भने, 'काम गर्न नपाउँदा सुरुङमा पानी जमेर पहिरो जाने खतरासमेत बढेको छ ।' आयोजना निर्देशक विजयबाबु मल्लका अनुसार ४ हजार २ सय मिटर लामो सुरुङ निर्माण भएर कंक्रिट लाइनिङ ढलानको काम सुरु भएकोमा रोकिएको छ । यसैगरी इन्टेकमा ९० प्रतिशत काम सकिएको र पावर हाउसमा शिभिल इन्जिनियरिङको काम सकिएर टर्बाइन जडानको मात्रै काम बाँकी छ । 'ग्याससमेत सकिएर आयोजनामा रहेका एकदर्जन चिनिया तथा नेपालीले खाना पकाउन समेत पाएका छैनन्,' बरालले भने,-'जेनेरेटर पनि चलाउन पाइएको छैन ।'

आयोजनाबाट उत्पादित विद्युत सवस्टेशनसम्म पुऱ्याउन स्वीजार्ड बनाइसकिएको र १० दशमलव ५ किलोमिटर टाढाको लेखनाथ सवस्टेशनसम्म विद्युत पुऱ्याउन ३१ वटा टावर निर्माण भइसकेको छ । 'सुरुमा ६ अर्ब ६० करोड रुपैयाँ लागत अनुमान गरेका थियौं,' मल्लले भने,-'तर, पहिरो, बन्द, हड्ताल, भूकम्प र नाकाबन्दीले लागत निकै बढ्ने देखिएको छ ।' आयोजनामा मल्लको २० प्रतिशत र चीनको चाइना थ्री गर्जेज कर्पोरेशनसंग आबद्ध चाइना ईन्टरनेशनल वाटर एन्ड इलेक्ट्रिक कर्पोरेशन (सीडब्लुई) को ८० प्रतिशत लगानी छ । सन् २०१६ को अप्रिलमा निर्माण सक्ने लक्ष्य आयोजनाको रहेकोमा अव अनिश्चित बनेको छ । यसअघि २८ महिनामा निर्माण सक्नेगरी २०६९ पुस १३ मा तत्कालिन प्रधानमन्त्री बाबुराम भट्टराइले शिलन्यास गरेका थिए । सिल्दुजुरे, ४ र नामार्जुन, ८ चासुमा बाँध बनाएर मादीखोलाको पानीलाई सुरुङमार्फत सिल्दुजुरे, ९ बाहुनडाँडाको गहिरीखेतस्थित विद्युत गृहमा पुऱ्याएर बिद्युत निकाल्न लागिएको हो । आयोजनाको निर्माण चिनियाँ ठेकदार कम्पनी सिनो हाइड्रोले गरिरहेको छ ।

# कांग्रेसको...

*निर्वाचनको दौडमा आफूलाई रोक्न पार्टी नेतृत्वदेखि केन्द्रीय सदस्यहरु विमलेन्द्र निधि, मिनेन्द्र रिजाल, शेखर कोइराला र अर्जुननरसिंह केसीले कोइरालालाई उकासेको आरोप लगाएका थिए। बैठकमा कतिपय सदस्यहरुले कोइरालालाई उकासी प्रधानमन्त्रीको निर्वाचनमा उठाएर कोइराला स्वम् र पार्टीको साख गिराएको भन्दै त्यसको जवाफ जिम्मेवारी दोषी नेतृत्वले लिनु पर्ने माग गरेका थिए। पार्टीका सदस्यहरुले बोल्ने क्रम नसकिएको र पार्टीको आसन्न अधिवेशनको तयारीका विषयमा निर्णय गर्न बाँकि नै रहेको कारण बैठक मंगलबार पुन: बस्ने छ।*

*आइतबारदेखि शुरु भएको केन्द्रीय समितिको बैठकमा आइतबार बोल्ने केन्द्रीय सदस्यहरुले प्रधानमन्त्री, सभामुख, राष्ट्रपति, उपराष्ट्रपति लगायतका पदको निर्वाचनमा हात धुनुपरेपछि नेपाली कांग्रेसका शीर्ष नेताले त्यसको दोष एकअर्काप्रति थोपार्ने काम गरेका थिए । बैठकको दोस्रो दिन सोमबार बोल्ने क्रममा शीर्ष नेताहरुले संसदमा भएको पछिल्लो निर्वाचनमा पार्टी पराजयको दोष एकअर्कालाई दिएका हुन्। सोमबारको बैठकको शुरुमा बोल्दै पार्टी सभापति सुशील कोइरालाले पार्टीका अधिकांश केन्द्रीय सदस्यहरुको राय सुझाव तथा शीर्ष नेताहरुकै समर्थनमा आफू प्रधानमन्त्री पदका लागि प्रत्यासी बनेको दावी गरेका थिए। एक केन्द्रीय सदस्यका अनुसार प्रधानमन्त्री पदको प्रत्यासी बन्ने विषयमा अन्तिम समयमा आफूले उपसभापति रामचन्द्र पौडेललाई अगाडि बढाउन खोज्दा वरिष्ठ नेता शेरबहादुर देउवाले असहमति जनाउँदै सभापति स्वयं उम्मेदवार बनेमात्र मान्ने अडानका कारण आफै अघि सर्नु परेको दाबी कोइरालाले गरेका छन्। सभापति कोइरालाको अभिव्यक्ति टुंगिन नपाउँदै आक्रोशित हुँदै वरिष्ठ नेता देउवाले प्रतिवाद गर्दै कोइरालाले आफूसँग पौडेलको प्रस्ताव नगरेको दाबी गरे। 'मैले शुरुदेखि अन्त्यसम्म सभापति आफै उम्मेदवार बन्न चाहेको हो कि होइन र होइन भने संसदीय दलको विधान अनुसार दलको नेता चयन गर्न आग्रह गरेको हुँ,' देउवाले स्पष्टिकरण दिँदै भने,-'अबदेखि म तपाईसँग एक्लै कुनै कुरा पनि गर्दिन र भेट्दा पनि भेट्दिन।' त्यसपछि उनी झोक्किदै बैठकबाट बाहिरिएका थिए। पार्टीको तर्फबाट आफूलाई उम्मेदवार नबनाएर ठूलो गल्ति गरेको दाबी गर्दै उपसभापति रामचन्द्र पौडेलले आफूलाई रोक्न सभापति र वरिष्ठ नेता लागिपरेको आरोप लगाए। 'पार्टी संगठनका लागि सबैभन्दा बढी योगदान दिँदा पनि आफूलाई रोक्न तपाईँहरू लागेको विषय म केन्द्रीय समितिदेखि महाधिवेशन सम्म भन्दै जान्छु,' पौडेलले बैठकमा भने।*

*एमालेसँगको सहमतिको यात्रा तोड्दै पार्टी सभापति कोइराला स्वम् उम्मेदवार हुने निर्णयको विरोध गर्दै पार्टी सहमहामन्त्री पदबाट राजीनामा दिएका पूर्णबहादुर खड्काले बैठकमा कोइरालालाई उम्मेदवार बनाउने निर्णय गलत भएको जिकिर गरे। संविधान निर्माणका लागि भएको १६ बुँदे सहमतिमा हस्ताक्षर गर्ने बेलामा एमालेबाट भद्र सहमतिको कुरा आएपनि सभापति कोइरालाले पार्टी निर्णय विपरित आफूले कुनै निर्णय गर्न नसक्ने धारणा राखेको खड्काले बताए। 'यदि पार्टीले प्रधानमन्त्री पदका लागि उम्मेदवारी दिनै पर्ने अवस्थामा पनि सभापतिको सट्टा अरु कुनै नेतालाई समय छदैं अघि बढाएर अन्य दलसँग समर्थनको पहल गर्नुपर्ने थियो,' खड्काले भने,-'प्रधानमन्त्री पदको उम्मेदवारी दिने अघिल्लो दिन रातिसम्म सभापति कोइरालाले आफू उम्मेदवार नबन्ने बताउनु भएको थियो।' खड्काले केही व्यक्तिले पार्टी पदाधिकारी तथा केन्द्रीय समितिको निर्णय विनै सभापतिलाई उक्साएको आरोप लगाए। उनले यस्तो अवस्थामा कांग्रेसको साखसँगै सबै पद गुमाएको उनको आरोप थियो। पहिलो संविधानसभामा दोस्रो दलको रुपमा १ सय १४ सिट हुँदा पनि तत्कालिन सभापति गिरिजाप्रसाद कोइरालाले अन्य दलसँगको वार्ता र सहमतिका आधारमा राष्ट्रपति पद हाँसिल गर्न सकेको उहादरण दिँदै खड्काले भने, 'तर यसपटक सरकार गठनमा सहमति नभए प्रतिपक्षमा कसरी बस्ने भन्ने कुराबारे पनि गम्भीर भएर सोच्न कुसलता प्रदर्शन गर्न सकेन र सबै पद गुमाउनु पऱ्यो।' पार्टी प्रवक्ता दिलेन्द्रप्रसाद बडुले बैठकमा नेताहरुले पार्टीले प्रधानमन्त्री, राष्ट्रपति लगायतका पदमा उम्मेदवारी दिएर संविधानको भावना अनुसार समग्र मुलुकको अखण्डता र राष्ट्रिय एकता कायम राख्न सफल भएको धारणा राखेको बताए। बडुका अनुसार, संसदभित्र सम्पन्न विभिन्न पदका लागि भएको निर्वाचनमा अन्य दललाई मिलाउन नसकेपनि पार्टी प्रतिपक्षमा बसेर मुलुकको हितका लागि काम गर्ने दाबी गरेका थिए।*

# पोखरामा...

*महंगो पर्न गएको हो' पाण्डेले भने-'विदेशमा सिंगल इञ्जिन जहाजबाट उडाउँछन्, त्यसो हुँदा त्यहाँ ४० हजारमै स्काई डाइभ गर्न पाइन्छ ।' हेलिकप्टरबाट उडाउनुपर्ने हुँदा सीमित संख्यामा मात्र स्काई डाइभ गराउनुपरेको पाण्डेले बताए । विस्तारै नेपालमा पनि सिंगल इञ्जिन जहाजबाट स्काई डाइभ गराउने योजनामा रहेको उनको भनाई छ । यसो भएमा लागत केही कम पर्नेछ ।*

*विदेशमा स्काई डाइभ सस्तो भएपनि नेपालमा जस्तो मनोरञ्जन लिन नसकिने पाण्डे बताउँछन् । नेपालमा स्काई डाइभ गर्दा गगनचुम्बी सेता हिमाल, सुन्दर हरियाली डाँडा, पोखरा शहर, ताल लगायतका दृश्यावलोकन गर्न पाइन्छ । युवाहरुको आकर्षण बढेको हुँदा स्काई डाइभ वर्षभरी नै गराउने उद्देश्य एक्स्पोलोर हिमालयको छ । यसो गर्न सकेमा साहसिक खेलमा रुची राख्ने विश्वका धनाढ्य पर्यटकहरु भित्र्याउन सकिन्छ । पोखरामात्र नभएर हिमालका काठमा समेत स्काई डाइभ गर्न सकिने हुँदा यसको भविष्य निकै उज्जल रहेको छ ।*

# नाकाबन्दी मुलुक निर्माणको अवसर-गभर्नर

गोल्डेन न्यूज संवाददाता
पर्वत १५ कार्तिक ।

नेपाल राष्ट्र बैंकका गभर्नर डा चिरञ्जीवी नेपालले भारतले नेपालमा लगाएको नाकाबन्दीलाई मुलुक निर्माणको अवसरका रूपमा बदल्न आग्रह गरेका छन् । पर्वतको कुस्माबजारमा केन्द्रीय कार्यालय रहेको जनसेवी लघुवित्त वित्तीय संस्थाको आइतबार उद्घाटन गर्दै गभर्नर नेपालले नाकाबन्दीबाट पाठ सिकेर मुलुक निर्माणमा सबै लाग्न आग्रह गरे ।

नेपालले नाकाबन्दीको कष्ट सहेर पनि मुलुकको दीर्घकालीन हित हुने काम र योजना अहिलेदेखि बनाउन आवश्यक भएको बताए । "नाकाबन्दीलाई देश बनाउने अवसरका रूपमा बदल्न आवश्यक छ",उनले भने-"खाडी र मलेसियालाई समृद्ध बनाउने नेपाली हातले यसलाई अवसरका रूपमा लिएर नेपाललाई समृद्ध बनाउन आवश्यक छ । हाम्रो देश हामीले बनाउने हो अरूले बनाइदिँदैन ।" मुलुकमा ऊर्जा सङ्कट समाधानका लागि जलविद्युत्को लगानी बढाउने र स्वदेशी कच्चापदार्थमा आधारित उद्योगको विस्तार र प्रवर्द्धनका लागि ढिलो गर्न नहुने धारणा उहाँको छ । "कृषि उत्पादन र ऊर्जा उत्पादनमा राज्यले ध्यान दिए नाकाबन्दी सजिलै पार लगाउन सकिन्छ" नेपालले भने ।

"अब हामी स्वावलम्बी हुने कि परनिर्भर हुने भन्ने कुराको छिनोफानो आजै गर्नुपर्छ", उनले नेपालले भने-"कहिले दक्षिण र कहिले उत्तरको भर पर्ने हो भने सधैँ यस्ता समस्या आइरहन्छन् ।" विश्वका अन्य भूपरिवेष्टित राष्ट्रले समस्या आउन सक्ने देखेर आफूलाई हरेक हिसाबले मजबुद बनाएका छन् भन्दै उनले नेपालले त्यसतर्फ ध्यान दिन आवश्यक भएकामा जोड दिए । नाकाबन्दीका कारण अहिलेसम्म मुलुकको कुल सञ्चिती र बचतमा कुनै असर नदेखिएको बताउँदै उनले अब त्यसको असर देखिन थाल्ने जानकारी पनि दिए ।

कार्यक्रममा वित्तीय संस्थाका सञ्चालक समिति सदस्य तथा पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले नेपालको हिमाली र पिछडिएको क्षेत्रमा सेवा दिने उद्देश्यले वित्तीय संस्था स्थापना गरिएको जानकारी दिँदै नेपालको सबै क्षेत्रमा १० वर्षभित्रमा सेवा विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल राष्ट्रबैंकबाट १० जिल्लामा कारोबार गर्ने स्वीकृत प्राप्त गरेको जनसेवी लघुवित्त वित्तीय संस्थाको अधिकृत पुँजी रु २० करोड रहेको छ । रु तीन करोड ५० लाख जारी पुँजी रहेको छ । यस्तै, रु दुई करोड २५ लाख चुक्ता पुँजी रहेको बैंकका कार्यकारी अधिकृत विष्णुप्रसाद न्यौपानेले जानकारी दिए ।







सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा